फक्ताङलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तापेथोक, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्ड: २ | संख्या: ७ | मिति: २०८०/०७/०२

**भाग-२**

**कार्यपालिकाबाट जारी नियमावली निर्देशिका र कार्यविधिहरु नेपालको संविधानको धारा २२६ बमोजिम फक्ताङलुङ गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको नियम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

कार्यपालिकाबाट स्वीकृत मिति २०८०/०६/३०

## युवा रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

प्रस्तावना: फक्ताङलुङ गाउँपालिका भित्रका युवाहरु रोजगारीका लागि विदेशिने वा शहर प्रवेश गर्ने प्रवृति बढ्दै जाँदा स्थानीय रुपमा उपलब्ध स्रोत तथा साधन उपयोग नहुने, उत्पादकत्व कम हुने, घरघरमा युवाहरु नभई बृद्धबृद्धा र केटाकेटी सहितका महिलाहरु मात्र बाँकी रहने अवस्था सिर्जना भएकोमा यस्तो प्रवृतिले गाउँपालिकाको दिर्घकालिन विकासमा अवरोध सिर्जना हुने भएकोले यसलाई परिवर्तन गरी स्थानीयस्तरमा उपलब्ध स्रोत तथा युवा जनशक्तिको प्रयोग गरी स्थानीय स्तरमै रोजगारीका अवसर सिर्जना गर्दै गरिवी न्यूनिकरण गरी दिगो विकासको लक्ष्य हासिल गर्न युवाहरूमा रहेका क्षमता र शिपको अधिकतम उपयोग गर्न कृषि तथा पशु प्रणालीलाई प्रविधिमैत्री र आधुनिकीकरण गरी उत्पादन वृद्धि गरी आत्मनिर्भर बन्न युवा रोजगार कार्यक्रम सन्चालन कार्यक्रम सुव्यवस्थित ढंगबाट सञ्चालन गर्न वाञ्छनीय भएकोले,

"प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४" बमोजिम कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

### परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "युवा रोजगार कार्यक्रम सञ्चालन कार्यविधि,२०८०" रहेको छ।

(२)यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा:**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यपालिका" भन्नाले फक्ताङलुङ गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनुपर्छ।

(ख) "समिति" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठन भएको युवा रोजगार कार्यक्रम व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ग) "कार्यक्रम" भन्नाले गाउँपालिकाले सञ्चालन गरेको युवा रोजगार कार्यक्रमलाई जनाउँछ ।

(घ) "गाउँपालिका" भन्नाले फक्ताङलुङ गाउँपालिकालाई सम्झनुपर्छ ।

(ङ)"अध्यक्ष" भन्नाले फक्ताङलुङ गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(च) "उपाध्यक्ष" भन्नाले फक्ताङलुङ गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले फक्ताङलुङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ज) "युवा" भन्नाले सोह्र वर्षदेखी चालीस वर्षसम्मको उमेर भएको गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने व्यक्तिलाई सम्झनु पर्छ ।

## परिच्छेद- २

## युवा रोजगार कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

३. युवा रोजगार कार्यक्रम व्यवस्थापन समितिको गठन:(१) युवा रोजगार कार्यक्रम सञ्चालनको व्यवस्थापन, रेखदेख तथा अनुगमन गर्न एक युवा रोजगार कार्यक्रम व्यवस्थापन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहाय बमोजिमका संयोजक तथा सदस्यहरु रहनेछन्:-

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग)प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

(ङ)गाउँपालिकाको कृषि विकाश शाखा र पशु सेवा शाखाका प्रमुख वा प्रमुखको सिफारिसमा १/१ जना कर्मचारी गरी संयोजकबाट मनोनित २ जना - सदस्य

(च) गाउँपालिकाको रोजगार शाखा प्रमुख - सदस्य सचिव

(३) समितिको कुल सदस्य सङ्ख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक सङ्ख्या पुगेकोमानिनेछ ।

(४) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको बहुमतको निर्णय लागु हुनेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

४. समितिको काम, कर्तव्य र अधिकार :(१) दफा ३ बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) युवा रोजगार कार्यक्रम पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गर्ने,

(ख) युवाहरुलाई स्वरोजगार बन्ने तर्फ अभिप्रेरित गर्ने,

(ग) युवाहरुको क्षमता विकास तथा प्रतिभा प्रस्फुटनका लागी विविध सिर्जनात्मक कार्य गर्ने गराउने,

(घ) युवाका लागी स्वरोजगार प्रबर्द्धन तथा उद्यमशीलता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने गराउने,

(ङ) युवा रोजगार कार्यक्रमको विकास, विस्तार र गुणस्तरीय बढाउने सम्बन्धमा कार्ययोजना बनाई लागू गर्ने,

(च) संघ, प्रदेश र स्थानीय तहका सम्बन्धित मन्त्रालय, सहयोगी संस्था, दातृ निकायहरुसँगको सहयोग, समन्वय एवं सहकार्यमा युवा रोजगार कार्यक्रम सञ्चालन एवं स्तरोन्नतीका योजनाहरु तर्जुमा गरी सञ्चलन गर्ने,

(छ) युवा रोजगार कार्यक्रमको लागि आवश्यक प्राविधिक सहयोग र सामग्री उपलब्ध गराउने,

(ज) विभिन्न प्रकारका उच्च मुल्य र कोटीका बनस्पतिहरुको विरुवा युवा समूहलाई वितरण गर्ने,

(झ) कृषि तथा पशु सेवा सम्बन्धी तालिम सञ्चालन गर्ने,

(ञ) जैविक तथा प्रारङगरिक मल उत्पादन गर्ने गराउने,

(ट) बेमैसमी तरकारी खेती गर्नका लागी प्लाष्टिक टनेल घर निर्माण गर्ने गराउने,

(ठ) युवालाई तरकारी खेतीका लागी आवश्यक बिउ, बिजन तथा औजारहरु उपलब्ध गराउने,

(ड) पशुपन्छी, चौपाया खरिद गरी युवा समूहलाई वितरण गर्ने,

(ढ) अन्य काम, कर्तव्य र अधिकार कार्यपालिकाले तोके बमोजिमहुने ।

(२)समितिको सदस्य-सचिवले सेवा प्रवाहको स्थितीको चौमासिक विवरण कार्यपालिकामा पेश गर्नु पर्नेछ ।साथै बार्षिक अद्यावधिक विवरण प्रत्येक वर्षको असार मसान्तमा कार्यापालिकामा पेश गरी गाउँ सभामा अनुमोदन गराउनुपर्नेछ ।

## परिच्छेद-३

## युवा समूह छनौट तथा प्रयोग सम्बन्धी व्यवस्था

५. युवा समूह छनौटः(१) दफा ३ बमोजिमको समितिको निर्देशनानुसार गाउँपालिकाको प्रत्येक वडाबाट ५/५ जना गरी सम्बन्धित वडाको वडा अध्यक्षको संयोजकत्वमा वडा समितिले सर्वदलिय बैठकबाट ईच्छुक वर्ग र लक्षित युवा सर्वसहमतिबाट चुनिनेछ ।

(२) युवा रोजगार कार्यक्रमको लागि युवा छनौट गर्दा देहाय बमोजिमको युवाहरुलाई प्राथमिकता दिनु पर्दछ;

(क) विपन्न वर्ग भएको,

(ख) बैदेशिक रोजगारबाट फर्कि बेरोजगार भएको,

(ग) एकल महिला भएको,

(घ) दलित परिवार भएको,

(ङ)दफा ३ बमोजिमको समितिले तोकिएको अन्य व्यवस्था भएको ।

(३) दफा ३ बमोजिमको समितिले युवा छनौट अन्तिम निर्णय गर्नेछ ।

६. युवा रोजगार कार्यक्रममा युवा प्रयोग : (१) युवा रोजगार कार्यक्रममा प्रत्येक युवा समूहलाई स्वरोजगारका लागि देहाय बमोजिम अनुदान प्राप्त हुनेछ :

(क) गाई १ ओटा,

(ख) बाख्रा (माउ) २ ओटा,

(ग) बंगुर (भुनि) २ ओटा,

(घ) कृषिको लागि टनेल १० ओटा,

(ङ) जैविक तथा प्राङगिक मल,

(च) कृषि बिउ बिजन,

(छ) पशु औषधि र

(ज) दफा ३ बमोजिमको समितिले तोकेको अन्य वस्तु, सेवा तथा सामग्री ।

(२) दफा ३ बमोजिमको समितिले निर्धारण गरे बमोजिमको मासिक रकम युवा समुहले गाउँपालिकालाई बुझाउनु पर्नेछ ।

## परिच्छेद-४

## कोष सम्बन्धी व्यवस्था

७. युवा रोजगार कार्यक्रम सञ्चालन कोषको व्यवस्था:(१) युवा रोजगार कार्यक्रम नियमित सञ्चालन गर्न एक छुट्टै युवा रोजगार कार्यक्रम सञ्चालन कोषको व्यवस्था गरिनेछ। कोषको श्रोतहरु देहाय बमोजिम हुनेछः

(क) युवा समुहबाट प्राप्त मासिक रकम,

(ख) नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिका र कुनै संस्था वा व्यक्तिबाट युवा रोजगार कार्यक्रम सञ्चालनका लागि प्राप्त रकम,

(ग) अन्य श्रोतबाट प्राप्त गरेको रकम ।

(२) कोषमा प्राप्त हुने सबै रकम गाउँपालिकाको एउटा छुट्टै बैंक खातामा जम्मा गर्नु पर्नेछ।

(३) कोषमा जम्मा भएको रकमबाट देहाय बमोजिमको खर्च मात्र व्यहोरिनेछ;

(क) युवा रोजगार कार्यक्रममा युवालाई दिईने अनुदान सुविधा,

(ख) युवा रोजगार कार्यक्रम तालिम तथा मेसिनरी उपकरण खर्च,

(ग)युवा रोजगार कार्यक्रममा आउने अन्य भैपरी खर्चहरु ।

(४) कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत र आर्थिक प्रशासन शाखाको प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(५) कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-५
## विविध

८. लेखा र लेखापरीक्षण :

(१)युवा रोजगार कार्यक्रम सञ्चालन कोषको आय व्ययको लेखा आर्थिक प्रशासन ऐन नियम बमोजिम आर्थिक प्रशासन शाखाले राख्नेछ ।

(२)युवा रोजगार कार्यक्रम कोषको लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट बार्षक रुपमा गरिनेछ ।

९. कार्यविधिको व्यख्या : यो कार्यविधिको अन्तिम व्यख्या गाउँ कार्यपालिकाले गर्नेछ ।

१०.कार्यविधि संसोधन : यो कार्यविधि कार्यपालिकाले आवश्यक संसोधन गर्न सक्नेछ ।

११.यसै कार्यविधि बमोजिम भएको मानिने: यस कार्यविधि लागू हुनुभन्दा अघि युवा रोजगार कार्यक्रम सञ्चालन सम्बन्धी गाउँपालिकाबाट सम्पादन भएका काम कारवाही नबाझिएको हदसम्म यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

१२.बाधा अड्काउ फुकाउने : यस कार्यविधिमा उल्लिखित व्यवस्था कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ आईपरेमा कार्यपालिकाले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

आज्ञाले,
श्री नवीन तेम्बे
प्रमुख प्रशासकीय अधिकृत

नवीन तेम्बे
प्रमुख प्रशासकिय अधिकृत